आँधीखोला गाउँ कार्यपालिकाको
६८ औं बैठक

आज मिति २०८२ साल चैत २६ गते बिहिबारका दिन आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री विश्वनाथ पौडेल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसेको कार्यपालिकाको बैठकमा निम्न बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | श्री विश्वनाथ पौडेल | अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिता थापा | उपाध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नारायण प्रसाद सापकोटा | सचिव, आँधीखोला गाउँपालिका |
| | श्री पवनकाजी अधिकारी | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कमल प्रसाद पौडेल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री शेरवहादुर कार्की | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिंह वहादुर क्षेत्री | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कृष्ण प्रसाद पनेरु | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नविन ढकाल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कल्पना शर्मा | सदस्य, आँधीखोला गाउँपालिका |
| थानकुमारी | श्री थान कुमारी सुवेदी | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री गोमा पौडेल पोखेल | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री गोमादेवी सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री टीकाराम नेपाली | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री बल वहादुर सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| अन्य उपस्थिति | | |
| | श्री प्रकाश पौडेल | ईन्जिनियर, आँधीखोला गाउँपालिका |
| | श्री रोशन लामिछाने | सूचना प्र.अ., आँधीखोला गाउँपालिका |
| | श्री आजाद पौडेल | लेखापाल, आँधीखोला गाउँपालिका |

श्री कृष्ण प्रसाद पोखरेल - योजना शाखा प्रमुख



Scanned with OKEN Scanner

६८ औं कार्यपालिका बैठक
२०८२/१२/२६ गते बिहिबार

प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको समीक्षा।
२) सेवा प्रवाहको समीक्षा।
३) प्रदेश समपुरक अनुदान तथा विशेष अनुदान सम्बन्धी प्रस्ताव पेश।
४) ठेक्कामा रहेका, नरहेका घाटबाट ढुंगा, गिट्टी, बलुवाको उत्खनन्, संकलन र बिक्री व्यवस्थापन सम्बन्धी।
५) शासकीय सुधारका कार्यसूची संबन्धमा।
६) सार्वजनिक सुनुवाइ।
७) वडा कार्यालय र सेवा कार्यालयको अनुगमन समिति गठन।
८) अस्पताल फार्मेसी सञ्चालन तथा अनुमती प्रदान।
९) योजना तथा कार्यक्रमको भुक्तानी र फरफारक।
१०) धरौटी फिर्ता।
११) विविध।

निर्णयहरु

निर्णय नं. १

मिति २०८२/१२/०४ गतेको ६७ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा समीक्षात्मक छलफल भयो। बैठकका निर्णय कार्यान्वयनमा रहेको पाइयो।

निर्णय नं. २

गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा मातहतका सेवा कार्यालयबाट प्रदान गरिदै आइरहेका सेवा प्रवाहको सम्बन्धमा समिक्षा भयो। नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत १३ गते स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची समेतलाई मध्यनजर गरी यस गाउँपालिका तथा मातहतका कार्यालयबाट उपलब्ध हुने सेवा प्रवाहलाई सरल, छिटो तथा परिणाममुखी बनाउने व्यवस्था मिलाउने ।

निर्णय नं. ३

गण्डकी प्रदेश नीति तथा योजना आयोगको मिति २०८२।१२।०४ मा आ.व. २०८३।०८४ को समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना वा कार्यक्रमको लागि प्रस्ताव आह्वान संबन्धी सूचना बमोजिम यस गाउँपालिकाबाट देहाय बमोजिमका आयोजना तथा कार्यक्रम समावेश गरी सिफारिश गर्ने र समपुरक अनुदानतर्फ प्रस्ताव गरिएको आयोजनामा गाउँपालिकाको

Scanned with OKEN Scanner